**गाउँ र आमाहरू**



*- कृष्ण उदाशी*

सँधै दुःखको पात बजाइरहने गाउँका लाठेहरू
यसपालि त सबेरै पुगे होलान्
पात्तलको बाटो हुँदै
सिक्किमे रम भारी हाल्न
रिङ्गिप, कि त बिजनबारी ।
कसरी ओभाए होलान्
मातृत्वले लछप्पै भिजेका मन
बामे सर्नै नथालेका नानीहरूलाई
एकपाटो स्तन चुसाई नसक्दै
लैनो गाईलाई कलिलो बन्सो खोज्न
खङ्खोला पुगेका सुत्केरी आमाहरुको ।
कस्ले पोख्यो होला इँवा खोलो भन्दा लामो बाँसुरीको धुन ?
पारि ओडारे भीरको थाप्लोमै बसेर
जीवनका सप्पै दुःखहरू बगाउने गरी
कसरी सम्हाल्दै होलान गाउँका आमाहरु
स्यालघुरीको मोच लागेर
छेरौटीले सखापै भएको नानीहरुको गाउँ ।

पानी बगेजस्तै गरी
मान्छेको जिन्दगी बगिरहन्छ
देख्नै पाइएन
हाम्रा बाजे, बराजुहरुको अनुहार
थाहा छैन
कुन वसन्त भएर फुल्यो होला बैंशको गुलाब ?
कुन शरदमा मुस्कुरायो होला
जीवनको सयपत्री ?

उहिले उहिलेदेखि आजसम्ममा
कति बद्लिए होलान्
ब्याङ्ग्रेखोल्साका भलायाका रुखहरु
तर छोडेका छैनन् तुलिगाँडाहरुले
खोल्सै तर्सिने गरी कराउन
जसरी छोड्नै सक्दैनन्
गाउँका आमाहरूलाई
दुःखका भारीहरुले ।

जीवनको मोह सुसेल्दै सुसेल्दै
भालुबाँसका पखेतामा सोइसोइला खेल्ने
ताँबे ढुकुरको जोडीसँग
केको दुस्मनी हो ब्याधाको
जस्तो कि-

बाह्रैमास काम गर्नेसँग
दुस्मनी छ गरिबीको ।

आज बुझ्दैछु-
दु:ख बराबर गाउँ
गाउँ बरबार आमा
र आमा बराबर दु:ख भएपछि
दु:ख सम्झे पनि आमाकै याद आउँदोरहेछ ।
गाउँ सम्झे पनि आमाकै याद आउँदोरहेछ ।
र आमा सम्झे पनि आमाकै याद आउँदोरहेछ ।

---

**नोट :**
*पात्तल:- साह्रै ठूलो र निर्जन जङ्गल ।*
*रिङ्गिप :- पाँचथर जिल्लाको च्याङ्थापुदेखि पूर्व दक्षिणतर्फ लाठेहरू लगभग एकदिन हिँड्दा पुगिने भारतको बजार ।*
*विजनबारी:- रिङ्गिप भन्दा अलि टाढा रहेको भारतको निक्कै पुरानो र चर्चित बजार ।*
*बन्सो :- गाईबस्तुले साह्रै मन पराउने र ओसिलो ठाउँमा पाइने एकप्रकारको घाँस ।*
*खंखोला :- पाँचथरको फलैचा गाविसमा पर्ने ठाडो खहरे खोला ।*
*ब्याङ्ग्रे :- पाँचथरको फलैचा गाविसमा रहेको एउटा खोल्साको नाम ।*
*इवाँखोलो :- सिक्किमको सिमानामा पर्ने ताप्लेजुङ र पाँचथरको सिमाना भूमागमा रहेको तिम्बूपोखरीको निकास । यो खोलो ताप्लेजुङ र पाँचथरको वारपार सिमाना भएर बग्छ ।*
*ओडारे :- ताप्लेजुङ जिल्लाको सादेबा गाविसको एउटा ठूलो भीरको नाम ।*
*स्यालघुरी :- पाँचथरको फलैचा गाविसमा रहेको एउटा जङ्गलको नाम*
*मोच :- गाउँतिर साना नानीहरूलाई सेतो पखाला लाग्यो भने मोच (जागित्र) लाग्यो भनेर झारफुक गरिन्छ ।*
*तुलिगाँडा:- टाउको ठूलो भएको, झ्याम्मपरेको रुखमा समूहमा बस्ने र एउटा कराउनासाथ सबै एकसाथ कराउने अनौठो प्रजातिको चरो ।*

**परिचय**

कृष्णउदाशी
फलैँचा-६, तिम्तिम्बू, पाँचथर
हाल : उर्लाबारी, मोरङ
सम्पर्क नं. ९८४२१००४९५, ९८०६०६४४३५
E-mail :- kps_ulb@yahoo.com, kubgs2066@gmail.com